# बुद्धशान्ति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बुधबारे, झापा

प.सं.०७६/७७ प्रदेश नं. १, नेपाल

च.नं.


**फार्मेसी संचालन सम्वन्धी शिलवन्दी दरभाउ-पत्र आह्वानको सूचना**

ठेक्का नं. २५/बु.शा./०७६-०७७

**प्रथम पटक प्रकाशित मिति: २०७७।०२।०६**

यस गाउँपालिका अन्तर्गत बुद्धशान्ति अस्पताल बुधबारे झापामा विमा कार्यक्रम अन्तर्गत फार्मेसी (औषधी बिक्री कक्ष) भाडामा लगाउन शिलवन्दी दरभाउ-पत्र को माध्यामबाट सम्पन्न गर्नुपर्ने भएकोहुँदा इच्छुक फर्म/व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात दिन) भित्र निम्न शर्तहरुको अधीनमा रही दरभाउ-पत्र पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु:

१. यो सुचना प्रकाशित भएको मितिले ७ औ दिन सम्म कार्यालय समय भित्र पान दर्ता प्रमाण पत्र, व्यवसायी दर्ता प्रमाण , आ.व. २०७५/७६ को कर चुक्ता प्रमाण पत्र र संचालकको Nepal Pharmacy Council मा दर्ता भएको प्रमाण पत्र सहित बुद्धशान्ति गाउँपालिको कार्यालयबाट रु. १,००० दस्तुर बुझाई (फिर्ता नहुने गरी) वा कार्यालयको NIC ASIA Bank को खाता नं: 85CA499513524007 मा नगद जम्मा गरि सक्कल भौचर बुझाई खरिद गर्न सकिने छ । खरीद भएका दरभाउपत्रहरु ८ औ दिन दिउसो १२.०० बजे भित्र यस कार्यालयमा यस कार्यालयको नाममा सम्वोधन गरी कामको विवरण दरभाउ-पत्रदाताको नाम ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई बुझाउनु बुद्धशान्ति गाउँपालिको कार्यालयमा दर्ता गर्नुपर्ने छ । दरभाउपत्र ८ औ दिनको दिउसो १ : ०० बजे खोलिने हुदा सो समयमा बोलपत्र दाता वा निजले तोकेको प्रतिनिधि उपस्थित हुनु पर्ने छ, उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

२. दरभाउ पत्र लिने ईच्छुक फर्मले धरौटी वापत **रु. १२,५००** रकम राख्नुपर्ने छ । उक्त रकम यस बुद्धशान्ति गाउँपालिको NIC Asia Bank Ltd को खाता नं: 85CA499513524003 मा नगद दाखीला वा नेपाल राष्ट्र बैङ्क बाट मान्यता प्राप्त वाणिज्य बैङ्कले जारी गरेको ७५ दिन म्याद भएको विड वण्डको सक्कल प्रति पेस गर्नु पर्ने छ ।

३. स्वास्थ्य विमा गरिएका विरामीहरुका लागि विमा बोर्डले निर्धारण गरेको मूल्यमा तोकिएका औषधीहरु उपलव्ध गराउनु पर्नेछ ।

४. औषधीको CLAIM ENTRY आफै गर्नुपर्नेछ।

५. विमाका विरामीहरुलाई उपलव्ध गराएको औषधीको शोधभर्ना विमा वोर्डले रकम उपलव्ध गराए वमोजिम हुनेछ ।

६. फार्मेसी (औषधी बिक्री-कक्ष) संचालनका लागि आवश्यक पर्ने लगानी तथा जनशक्ति संचालक स्वयंले व्यहोर्नु पर्नेछ ।

७. फार्मेसी (औषधी बिक्री-कक्ष) संचालनका लागि वार्षिक न्यूनतम रु ५,००,०००।– (पाँच लाख) मा नघट्ने गरी बोलकबोल गर्नुपर्नेछ । वार्षिक १० प्रतिशतका दरले शुल्क बृद्धि गरिनेछ । संचालन अवधि ३ वर्षको हुनेछ । राम्रो सेवा/सुविधा उपलव्ध गराएको अवस्थामा आपसी समझदारीमा संचालन अवधि १ वर्ष थप गर्नुपर्नेछ ।

८. व्यवस्थापन समितिले तोकेको स्थानमा २४ घण्टा औषधी विक्री-कक्ष खोल्नु पर्नेछ ।

९. विमा सुविधा अन्तर्गत नपर्ने औषधीको शोधभर्ना गरिने छैन ।

१०. सरकारी स्वास्थ्य संस्थामा स्वास्थ्य विमा कार्यक्रमसम्वन्धी अनुभव भएकोलाई प्राथमिकता दिइनेछ ।

११. फार्मेसी संचालकको न्यूनतम योग्यता D-PHARM गरेको हुनुपर्नेछ ।

१२. रितपुर्वक दाखिला भएका बोलपत्र मध्ये घटी वा बढी वालाको वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्ध गर्ने वा सुचना संसोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छन् । साथै यस कार्यालयबाट प्रमाणित नगरी बिक्री भएको ,म्याद नाघी आएको र कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन।

१३. प्रचलित नियम अनुसार कालो सुचीमा परेका र यस कार्यालयलाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति ,फर्म तथा कम्पनीहरुको वोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१४. दरभाउ पत्रसँग सम्बंधित अन्य शर्तहरु दरभाउ पत्र फारम खरीद गर्दा यस कार्यालयबाट उपलव्ध गराईनछ ।

१५. यस बाहेक अन्य कुराहरु प्रचलित कानुन र गाउँपालिकाको निर्णय अनुसार हुनेछ ।


buddhashantimun@gmail.com

023-555238 023-555104

023-555208 023-555044

http://buddhashantimun.gov.np

www.facebook.com/buddhashantimun

twitter.com/buddhashantimun


"समृद्ध बुद्धशान्तिको आधार: कृषि, पर्यटन र दिगो पूर्वाधार"